# धुलिखेल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

धुलिखेल काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

धुलिखेल नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन

(ठेक्का न.:- 01/Internal Resources/kawadi/082/83)

सम्बन्धी आय ठेक्काको

सिलबन्दी बढाबढ दरभाउपत्र फारम

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

# धुलिखेल नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## धुलिखेल काभ्रेपलाञ्चोक
## बागमती प्रदेश, नेपाल

यस नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन (ठेक्का न.:- 01/Internal Resources/kawadi/082/83)सम्बन्धी कार्यको सिलबन्दी दरभाउपत्र फारम आह्वानको सार्वजनिक सूचना ।

दोश्रो पटक प्रकाशित मिति:-२०८२/०८/१२

यस धुलिखेल नगरपालिकाबाट आर्थिक वर्ष ०८२/८३ को अवधिका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा नगरपालिकाको काम कर्तब्य र अधिकार अन्तर्गतको उपदफा २ (घ) र सोहि ऐनको दफा ६४ उपदफा (१) (ग) बमोजिम तथा यस नगरपालिकाको चालू आ व. को लागि जारी गरिएको आर्थिक ऐन, २०८२ को अनुसूची ८ मा कायम गरेको दररेट बमोजिम यस नगरपालिका क्षेत्र भित्रको कवाडी कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका योग्यता प्राप्त इच्छुक व्यवसायी, ठेकेदार/फर्महरुले मिति २०८२/०८/२६ गते कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी उल्लेखित आधारमा कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफैं वा आफ्नो प्रतिनिधिमार्फत मिति २०८२/०८/२८ गते दिउँसो १२:०० बजेसम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ।

दर्ता हुन आएका बोलपत्रहरू (E-Bidding समेत) मिति २०८२/०८/२८ को दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन सो कार्य तोकिएकै समयमा हुनेछ।

बोलपत्रको साथमा तपसिलमा उल्लेखित विड वोन्ड रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बाणिज्य बैङ्कबाट जारी भएको विड-वोन्ड (Bid Security) बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट पचहत्तर (७५) दिन म्याद भएको विड-वोन्डको सक्कल प्रति संलग्न राखुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समाबेश गर्न पाइने छैन।

कबोल अंकमा मु.अ.कर समेत जोडेरमात्र कुल ठेक्का सम्झौता रकम हुनेछ । ठेक्का सम्झौता रकम सम्झौता गर्दाको बखत एकमुष्ट रकम वा दुई किस्तागरि रकम बुझाउन सकिनेछ।

तपसिलमा उल्लेखित ठेक्काका कर/दस्तुरका दररेट र न्युनतम कबोल अंक निर्धारण गरिएको छ र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिनुका साथै सूचना पाटी तथा वेवसाइट (www.dhulikhelmun.gov.np) मा समेत टाँस गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लगायतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकासँग सुरक्षित रहनेछ। नेपाल सरकार, बागमती प्रदेश सरकार र यस नगरपालिकाबाट भएका निर्णय, निर्देशिका र शर्तहरु ठेकदारले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ। अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| सूचना नं. | कार्यको विवरण | न्यूनतम ठेक्का अङ्क (मू.अ. कर बाहेक) | जमानत रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत दरभाउपत्र पाइने स्थानः |
|---|---|---|---|---|---|
| 02/Internal Resources kawadi /082/83) | धुलिखेल नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन । | रु.६,००,०००/- (छ लाख मात्र) | नेपालि नागरिक तथा फर्म भए कबोल अङ्कको ५ प्रतिशत गैह्र नेपाली नागरिक भए १० प्रतिशत | रु. १०००/- | धुलिखेल नगरपालिका राजश्व शाखा सम्पर्क नं. ९८४१४२१९३८ |

**खाताको विवरणः**

**आन्तरिक राजस्व खाता नं.: -1040100301010002** **बैङ्कः - RASTRIYA BANIJYA BANK LTD DHULIKHEL**

**धरौटी खाता नं.: -1040100303000002** **बैङ्कः - RASTRIYA BANIJYA BANK LTD DHULIKHEL**

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

कार्यालयबाट तयार गरिएका दरभाउपत्रका शर्तहरु :

१. धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची ८ ले कायम गरेको तपसिल बमोजिम दररेटमा धुलिखेल नगरपालिका क्षेत्र भित्रको कवाडी कर संकलन गर्नुपर्ने छ ।

अनुसूची -८ कवाडी करको दर

क धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामान

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | फलाम | प्रति के.जी. | ३।- |
| २ | अन्य धातु (पित्तल, तामा आदि) | प्रति के.जी. | १०।- |
| ३ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार | प्रति के.जी. | ३।- |
| ४ | पोलिथिन पाइपका टुक्रा | प्रति के.जी. | २।- |
| ५ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- |
| ६ | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १।- |

ख अन्य कवाडी मालसामान

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| १ | खाली सीसी (वियर) वोतलको साइज हेरी | प्रति गोटा | ०।२५ |
| २ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ०।२५ |
| ३ | खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ०।१५ |
| ४ | प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि) | प्रति के.जी | ०।२५ |
| ५ | खाली बोराः | | |
| क | ५० के.जी सम्म खाध्यान्न अट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | ०।५० |
| ख | ५० के.जी. सम्म खाध्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ०।५० |
| ग | १०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका | प्रति गोटा | ०।२५ |
| ६ | तेलको टिनः | | |
| क | १० लिटरभन्दा बढी अट्ने ठूलो | प्रति गोटा | ०।२५ |
| ख | १० लिटरभन्दा कम अट्ने सानो | प्रति गोटा | ०।२५ |
| ग | थोत्रो टिन लगायतको कवाडी सामान | प्रति के. जी . | ०।२५ |

प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | राजश्वको क्षेत्रहरु | इकाई | दर |
|---|---|---|---|
| घ | पुरानो ड्रम | गोटा | ५।- |
| ङ | पुराना कागज (अखबार, न्यूजप्रिन्ट) | प्रति के.जी. | ०।२५ |
| च | पुराना अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | ०।२५ |

२. दभाउपत्र स्वीकृत भई सम्झौता हुँदा प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली लगायत अन्य प्रचलित ऐन/नियमहरु प्रावधानहरु, सम्झौताका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

३. सम्झौतामा उल्लेखित किस्ता रकम समयमा नै दाखिला नगरेमा बाँकी रकममा १० (दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

४. संझौतामा उल्लेखित रकम एकमुस्ट वा दुई किस्ता गरि बुझाउन सकिनेछ यदि दुइ किस्ता गरि सम्झौता रकम बुझाउने भएमा सम्झौता रकमको ५० प्रतिशत रकम पहिलो किस्ता रकम सम्झौता गर्दाको बखतमा नै नगरपालिकाको बैंक खातामा नगद जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । दोस्रो किस्ता रकम २०८२ चैत्र मसान्त सम्म यस नगरपालिकाको बैंक खातामा रकम जम्मा गर्नुपर्नेछ । दोस्रो किस्ता बाँकी रकमको लागि २०८३ साल चैत्र मसान्त सम्म अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंकको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

५. ठेक्का कार्यसँग सम्बन्धित कार्यको सहजीकरण गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको नै जिम्मेवारी हुनेछ । अन्य कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

६. ठेकेदारले वन, प्राकृतिक वातावरण, भू-संरक्षण तथा वातावरणीय सन्तुलनलाई हानी नोक्सानी तथा प्रतिकूल असर पर्ने खालका क्रियाकलाप गर्न पाइनेछैन ।

७. ठेक्कासँग सम्बन्धित कार्य गर्दा बालश्रम प्रयोग गर्न पाइने छैन र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाउने छैन ।

८. बोलपत्र पेश गर्ने दिनमा बिदा परेमा सो को भोलिपल्टलाई वा लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुनेछ

९. ठेक्का स्वीकृत भएपछि सम्झौता नगर्ने प्रस्तावदातालाई अर्को १ आर्थिक वर्षको लागि कालो सूचीमा राखिने एवं अर्को आ.व. मा यस नगरपालिकाको कुनै पनि ठेक्कामा निजको प्रस्ताव स्वीकृत गरिने छैन । साथै निज प्रस्तावदाताले धरौटी वापत जम्मा गरेको नगद धरौटी वा बिड बण्ड रकम जफत गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

१०. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने अधिकार नगरपालिका नगर कार्यपालिका कार्यालयलाई हुनेछ। साथै शर्त सहितको ठेक्का स्विकार गरिने छैन ।

११. ठेक्का स्वीकृत भई सम्झौता भएपछि बोलपत्रादाता आफैंले कर असुली/आम्दानी बील छापी, नगरपालिकाबाट प्रमाणित गराई एवं छाप लगाएर मात्र बिल जारी गर्न पाइनेछ साथै हरेक महिनामा कवाडी कर संकलन गर्न प्रमाणित गराएको बिलको एक प्रति अर्धकट्टी बिल समेत यस नगरपालिकामा पेश गर्नुपर्ने छ । बिना भ्याट बील कर संकलन गर्न पाइने छैन ।

१२. नगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का सञ्चालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का वापतको रकम मिनाहा माग वा छुट दाबी गर्न पाइने छैन ।

१३. कालोसूचीमा परेका वा यस नगरपालिकाको बक्यौता नतिरेको बोलपत्रदाताको बोलपत्र स्विकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० तथा नियमहरु २०२२ अनुसार हुनेछ । संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले समय समयमा दिएका निर्देशनहरु पालन गर्नु पर्नेछ ।

१५. ठेक्काको समयावधि सम्झौता भएको मितिले २०८३ साल असार मसान्त सम्म रहनेछ ।

१६. कबोल अंकमा थप १३% मु.अ.कर तथा १.५% अग्रीम आयकर आन्तरिक राजश्व कार्यालयको सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरी, दाखिलाको प्रमाण समयमा नै यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

१७. नेपाल सरकारलाई प्रचलित ऐन, कानुन बमोजिम बुझाउनुपर्ने कर, दस्तुर, दोश्रो पक्षले बुझाउनुपर्नेछ ।

१८. नेपाल सरकार र नगरपालिकाको नीति निर्देशनमा रही ठेक्का सञ्चालन गर्नुपर्नेछ । सो विपरीत कार्य गरी हानी नोक्सानी भएमा हानी नोक्सानीको बिगो बराबरको रकम दोश्रो पक्षबाट नगरपालिकाले असुल उपर गर्न सक्नेछ । साथै सोही कार्य बारम्बार दोहोर्‍याएमा ठेक्का समेत तोड्न सकिनेछ ।

१९. नेपाल सरकार वा धुलिखेल नगरपालिकाको नीति, नियममा संशोधन भई ठेक्का सञ्चालनमा अवरोध हुन जाने अवस्था आएमा नगरपालिकाले ठेक्का रद्द गरी सञ्चालन भएको अवधिसम्मको दामासाहीले हुने रकमलाई ठेक्का अंक कायम गरी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति-...............

धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

धुलिखेल ।

**विषय : दरभाउपत्र पेश गरेको बारे ।**

यस धुलिखेल नगरपालिकाको क्षेत्रभित्र आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन (ठेक्का न.:- 01/Internal Resources/kawadi / 082/83) सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरी यस नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०८।१२ गतेको प्रकाशित सूचना बमोजिम तपसिल अनुसार जम्मा रु.......(भ्याट बाहेक) (अक्षरुपी..................................) मा ठेक्का लिने मञ्जुरी भएकोले धरौटी बापत रु...........................(अक्षरुपी.....................................) को बैंक जमानत यसैसाथ संलग्न राखी बोलपत्र पेश गरेको छु ।

तपसिलः

| विवरण | जम्मा (भ्याट बाहेक) रु. |
| --- | --- |
| धुलिखेल नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन । | |
| बोलपत्रदाताले कबोल गरेको रकम रु. | |
| बोलपत्रदाताले कबोल गरेको रकम अक्षर रु. | |

**निवेदक :**

नाम :

बाबुको नाम :

बाजेको नाम :

फर्मको नाम :

ठेगाना :

दस्तखत :

प्रमुख प्रशासकिय अधिकृत

धुलिखेल नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कबाडी कर संकलन ठेक्का न.:- 01/Internal Resources/kawadi /082/83 को निर्धारित न्यूनतम ठेक्का अङ्कमा बढाबढ बोलकबोल गरि ठेक्का लिन चाहने ठेकेदार/फर्मले भर्ने सिलबन्दी दरभाउपत्र फारम

ठेक्का अबधि: ठेक्का स्वीकृत भइसकेपछी सम्झौता भएको मितिले २०८३ असार मसान्तसम्म

| सि.न. | बिबरण | कायम गरियको न्यूनतम अंक (भ्याट बाहेक) | बोल कबोल रकम अंकमा (भ्याट बाहेक) | बोल-कबोल रकम अक्षरमा (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 01/Internal Resources/kawadit/082/83 | धुलिखेल नगरपालिका क्षेत्र भित्रको आर्थिक वर्ष ०८२/८३ को लागि कवाडी कर संकलन । | रु.६,००,०००/- (अक्षेरुपीः- छ लाख मात्र) | | | बोलपत्र फाराम दस्तुर रु १०००/- |

दरभाउपत्र जमानत बापतको (Bid Security) रकम रु ................/-(अक्षरुपीः- ..........मात्र) धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी सक्कल बैंक ग्यारेन्टी एक प्रति संलग्न गरेको छु । ठेक्काको शर्तहरुबारे यस नगरपालिकाको मिति २०८२/०८/१२ गते प्रकाशित सुचनाको शर्तहरु मलाई पूर्ण जानकारी छ र सो शर्त पालना गर्न मन्जुर छु ।

दरभाउपत्रदाता फर्म/व्यक्तिको

नाम, थर.................

स्थायी ठेगाना ................ 

दस्तखत..........

प्रमुख प्रशासकीय अधिकृत

सोही बमोजिम हरहिसाब फरफारक गरिनेछ । तर दोश्रो पक्षको कारण ठेक्का रद्ध गर्नुपर्ने अवस्था आएमा यो दफा आकर्षित हुनेछैन ।

२०. इजाजत प्राप्त कम्पनी/फर्म र यस नगरपालिका बीच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२१. फर्म तथा कम्पनीको हकमा आन्तरिक राजश्व कार्यालय बाट जारी भएको आ.व २०८१/०८२ को कर चुक्ता प्रमाण वा आ.व २०८०/०८१ को करचुक्ता र आ.व २०८१/०८२ को कर चुक्ता प्रमाणको लागी २०८२ पौष मसान्त सम्म को म्याद थप पत्र मु.अ.कर./पान दर्ता प्रमाण पत्र आ.व.०८२ ।०८३ को लागी नविकरण तथा व्यवसाय दर्ता प्रमाणपत्र तथा व्यक्तिको हकमा पान तथा नारिकताको प्रतिलिपी लगायतका योग्यताका कागजात पेश गर्नु पर्ने छ ।

२२. दरभाउपत्रको सम्बन्धमा थप केही बुझ्नु परेमा कार्यालयको वेबसाइट www.dhulikhelmun.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

CamScanner